# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड५ )जनकपुरधाम,नेपाल,मंसिर ०६ गते,२०७८ साल(अतिरिक्ताङ्क २(ग)

भाग २

प्रदेश सरकार

अर्थ मन्त्रालय

## प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७८

<u>प्रस्तावना</u> : स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को

दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) “ऐन” भन्नाले प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन,२०७५सम्झनु पर्छ।

(ख) “मन्त्रालय” भन्नाले प्रदेश अर्थ मन्त्रालय सम्झनुपर्छ।

(ग) “प्रदेश” भन्नाले प्रदेश नं. २ लाई सम्झनु पर्छ।

(घ) “स्थानीयतह” भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(ङ) "विशेष अनुदान" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

३. **विशेष अनुदान प्रदान गरिने क्षेत्रः** प्रदेश सरकारले देहायका कुनै खास क्षेत्र तथा विशेष योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने विशेष शैक्षिक योजना तथा कार्यक्रमहरु,

(ख) आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय तथा बाल तथा मातृमृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष योजना तथा कार्यक्रमहरु,

(ग) शहिद परिवार तथा आन्दोलनमा घाईते भएका व्यक्ति लक्षित विशेष कार्यक्रमहरु

(घ) खानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायहरुको लागि खानेपानी सुविधा

उपलव्ध गराउने विशेष योजना तथा कार्यक्रमहरु,

(ङ) सम्बन्धित क्षेत्रमा उत्पादन भएको खाद्यान्नले सो क्षेत्रको माग धान्न अपुग भएमा त्यस्तो क्षेत्रमा खाद्यान्न उत्पादन अभिबृद्धि गर्न संचालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि तथा वितरण सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(च) कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(छ) महिला, दलित, फरक क्षमता भएका व्यक्ति लगायत उत्पीडित सामुदायको उत्थान केन्द्रित विशेष योजना तथा कार्यक्रमहरु,

(ज) सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय औषत भन्दा अतिपछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि संचालन गरिने सामाजिक विकासका विशेष योजना तथा कार्यक्रमहरु,

४. **<u>विशेष अनुदान प्रदान नहुने क्षेत्र</u>:** (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भएता पनि देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि विशेष अनुदान उपलव्ध गराइने छैनः-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पूरा हुने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ख) तलब, भत्ता, मसलन्द, मर्मत सम्भार, परामर्श सेवा लगायतका प्रशासनिक खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रमहरु,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ङ) घाटा बजेटको पूर्ति गर्ने श्रोतको रुपमा उपयोग गर्न,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको योजना तथा कार्यक्रमहरु,

(छ) अन्य अनुदान तथा स्रोतबाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका योजना तथा कार्यक्रमहरु,

(२) कूल लागत रु. २५ लाख भन्दा कमका योजना तथा कार्यक्रमहरुको लागि बिशेष अनुदान प्रदान गरिने छैन।

५. <u>आयोजना तथा कार्यक्रम छनौट</u> : (१) विशेष अनुदानबाट स्थानीय तहमा संचालन गर्ने आयोजना तथा कार्यक्रमको छनौट प्रदेश सरकारले ऐनको दफा ७ को उपदफा (१) बमोजिम आवश्यकता र औचित्यको आधारमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्तिसँग सम्बन्धित विषयमा छनौट गर्नु पर्नेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रका जनताको आधारभूत आवश्यकताको परिपूर्तिसँग सम्बन्धित बिशेष खालका आयोजना तथा कार्यक्रमहरु पहिचान एवं छनौट गरी प्रत्येक आर्थिक बर्षको माघ मसान्त मन्त्रालय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिम योजना तथा कार्यक्रमहरु छनौट गर्दा सम्बन्धित स्थानीय तहको

सभाले तत्काल कायम सदस्यको बहुमतले पारित गरी पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम योजना तथा कार्यक्रमहरु पहिचान एवं छनौट गरी पेश गर्दा देहायका बिषयहरु अनिवार्य रुपमा खुलाउनु पर्नेछः-

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रमको सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेट विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विषयहरु

(५) योजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, सोबाट लाभान्वित सम्भाव्य जनसंख्या, सम्बन्धित क्षेत्रका जनताको

आयस्तर बृद्धि गर्ने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरिबि न्यूनीकरण गर्न सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने किसिमले छनौट गर्नु पर्नेछ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि स्थानीय तहले विशेष अनुदानको लागि कुनै योजना तथा कार्यक्रम पेश नगरेको अवस्थामा मन्त्रालयले कुनै विशेष क्षेत्र वा समुदायको उत्थानको लागि विशेष कार्यक्रम संचालन गर्नु आवश्यक भएको क्षेत्रमा दफा ६ को उपदफा (१) बमोजिमको अवस्था रहेको स्थानीय तहको लागि विशेष अनुदान प्रदान गर्न बाधा परेको मानिने छैन।

(७) यस दफा बमोजिम छनौट भएका योजना तथा कार्यक्रमहरुको जानकारी मन्त्रालयले स्थानीय तहमा दिनु पर्नेछ।

६. <u>विशेष अनुदान प्रदान गर्ने आधारहरु</u> : (१) दफा ५ बमोजिम प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गरिने विशेष अनुदान देहायका आधारमा प्रदान गर्न सक्नेछः-

(क) शिक्षा क्षेत्रमा सबैभन्दा कम साक्षरता प्रतिशत भएका क्षेत्र वा समुदायको

उत्थानको लागि सञ्चालन गरिने शैक्षिक विकासका योजना तथा कार्यक्रमहरु,

(ख) स्वास्थ्य क्षेत्रमा स्वास्थ्य केन्द्र नभएका, कुपोषणको अवस्था र शिशु मृत्युदर, बाल मृत्युदर तथा मातृ मृत्युदर राष्ट्रिय औषत भन्दा बढी भएका क्षेत्रमा संचालन गरिने स्वास्थ्य सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(ग) खानेपानी क्षेत्रमा खानेपानीको समस्या भोगिरहेका खानेपानीको धारा तथा मुहान सामुदायिक बस्तिबाट टाढा भएका बस्ति वा समुदायमा खानेपानी सेवा उपलव्ध गराउन संचालन गरिने योजना तथा कार्यक्रमहरु,

(घ) खाद्यान्न सम्बन्धमा सम्बन्धित क्षेत्रमा वर्ष भरिको खाद्यान्न उत्पादन बाट छ महिना भन्दा बढी खाद्यान्न अपुग हुने क्षेत्रमा उत्पादन अभिबृद्धि गर्ने मल विउ तथा कृषि उपकरण उपलव्ध गराउन संचालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि कार्यक्रम तथा

खाद्यान्न वितरण योजना तथा कार्यक्रमहरु,

(२) उपदफा (१) वमोजिम विशेष अनुदान प्रदान गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्कको अवस्था, आर्थिक पछौटेपन लगायतका विषयहरुलाई समेत आधार लिनु पर्नेछ।

७. <u>बजेटमा समावेश गर्नु पर्ने</u> : स्थानीय तहले विशेष अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई बार्षिक वजेटमा समावेश गर्नु पर्नेछ।

८. <u>अनुदान रकम खर्च गर्ने विधि र प्रकृया</u> : (१) स्थानीय तहले विशेष अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ :-

(क) विशेष अनुदान रकम जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही योजना तथा कार्यक्रममा सो रकम खर्च गर्नु पर्नेछ।

(ख) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ।

(ग) विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि ऐन

तथा सार्वजनिक खरिद ऐनको व्यवस्थाहरुको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ।

(घ) विशेष अनुदान बापत प्राप्त रकम अन्यत्र खर्च शीर्षकहरुमा रकमान्तर गरिनेछैन।

(ङ) विशेष अनुदान बापत प्राप्त रकम आयोजना तथा कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गर्नु पर्नेछ।

(च) विशेष अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजनाको कार्य प्रगतिको आधारमा दुई किस्तामा गरिनेछ।

(छ) विशेष अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ।

(२) विशेष अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट सो आयोजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा प्रदेश

सरकारले त्यस्तो अनुदान बापत उपलव्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने समानीकरण अनुदानको रकमबाट कट्टा गर्न सक्नेछ।

९. **रकमको निकासाः** (१) प्रदेश सरकारले स्थानीय तहको कुनै योजना तथा कार्यक्रममा प्रदान गर्ने विशेष अनुदानको रकम दुई किस्तामा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत स्थानीय तहलाई निकासा दिनेछ ।

(२) स्थानीय तहले रकमको निकासा माग गर्दा कार्यक्रम वा योजना कार्यान्वयनको अवधि, वित्तीय तथा भौतिक प्रगतिको अवस्था र खर्चको विवरण समेतका कुराहरु समावेश गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरे पछि मात्र बाँकी किस्ताको रकम निकासा दिनेछ ।

१०. **आयोजनाको समयावधि थप नहुने** : विशेष अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ।तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि रकम निकासा दिइने छैन।

११. **आयोजनाको संचालन र कार्यान्वयन** : (१) योजना तथा कार्यक्रम संचालन गर्दा सोको पारदर्शिता, एवं प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) योजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ। सोको लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समूदायबाट समेत निगरानी गर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) योजना तथा कार्यक्रम संचालनको क्रममा कामको गुणस्तर मापन गर्ने संयन्त्र बलियो बनाउनु पर्दछ र आयोजना सम्पन्न भएको छोटो अवधिमा नै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा मन्त्रालयले सोको छानविन गरी आवश्यक कारबाही अघि बढाउने छ ।

(४) विशेष अनुदानमा सञ्चालन गरिने परियोजनाहरुमा कन्टिन्जेन्सी बापत लागतको दुई प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

१२. **अनुगमन सम्बन्धी व्यवस्था** : (१) विशेष अनुदानबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको अध्यक्षतामा रहने योजना

कार्यक्रम अनुगमन समितिले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) विषयगत मन्त्रालयले समेत सचिव वा सचिवले तोकेको अधिकृत अध्यक्ष रहने गरी अवश्यकता अनुसार एक अनुगमन मूल्याङ्कन समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमन कार्य गर्दा कुनै खर्च आवश्यक पर्ने भएमा त्यो खर्च परियोजनाको कन्टिन्जेन्सीबाट व्यहोरिनेछ।

१३. <u>प्रतिवेदन गर्नुपर्ने</u> :(१) सवै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमहरुको दफा १२ को उपदफा (१) बमोजिम अनुगमन प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) दफा १२ को उपदफा (२) बमोजिमको अनुगमन समितिले अनुगमन मूल्याङ्कन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१४. <u>विशेष अनुदान रोक्का हुन सक्ने</u> : (१) स्थानीय तहले संचालित योजना तथा कार्यक्रमहरुको दफा ११ उपदफा (१) बमोजिम अनुगमन वा दफा १२ उपदफा

(१) बमोजिम प्रतिवेदन नगरेमा वा तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा एवं सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र आवश्यक विवरणहरु पेश गरेमा, मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिएमा र सो मन्त्रालयलाई उपयुक्त लागेमा उपदफा (१) बमोजिमको रोक्कालाई फुकुवा गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम गठन भएको अनुगमन समितिले पेश गरेको प्रतिवेदनको आधारमा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना निर्दिष्ट उद्धेश्य पूर्ति गर्न असमर्थ रहेको पाइएमा सो स्थानीय तहलाई आगामी वर्षमा प्रदेश सरकारले दिने अनुदान रोक्का गर्न सक्नेछ।

१५. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

१६. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै कठिनाई तथा बाधा अडकाउ आएमा मन्त्रालयले

आवश्यक निर्णय गरी त्यस्ता कठिनाई तथा बाधा अडकाउ फुकाउन सक्नेछ।

अनुसूची

(कार्यविधिको नियम ५ (२) सँग सम्वन्धित)

**विशेष अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम**

अनुदान माग गर्ने स्थानीय तहको नाम :

जिल्ला:

वडा नं.:

फोन, फ्याक्स र इमेल :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

कार्यक्रम र आयोजनाको कूल लागत रु. :

स्थानीय तहको सभाको बहुमतले पारित गरेको मिति :

दफा ५ (४) मा उल्लिखित विषयहरु :

संलग्न आवश्यक कागजातहरु :

१. ................................

२. ................................

३. ................................

आधिकारिक दस्तखत :

पद :

मिति :

आज्ञाले,

गजेन्द्र कुमार ठाकुर

प्रदेश सरकारको सचिव